# प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३

*(मिति २०७४ साल कार्तिक मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३

| | |
|---|---|
| लालमोहर सदर मिति | प्रकाशन मिति |
| २०१३।७।१५ | २०१३।७।२७ |
| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
| १. केही नेपाल कानून (संशोधन र पुन:व्यवस्थापन) ऐन, २०२० | २०२०।११।१६ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| २. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन,२०६६ ◆ | २०६६।१०।७ |

२०१३ सालको ऐन नं. १०

✂.............

## प्रादेशिक बहुमुखी योजना कार्यान्वित गर्न बनेको ऐन

कुनै क्षेत्रहरुमा बहुमुखी विकास योजनाहरु शीघ्रतापूर्वक कार्यान्वित ✹हुने व्यवस्था गरी सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलका सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३" रहेकोछ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. विकास क्षेत्रको सूचना : तोकिएको जुनसुकै इलाकाको विकासको लागि बहुमुखी योजना तयार गरी नेपाल सरकारले प्रकाशित सूचनाद्वारा सो क्षेत्रलाई विकास क्षेत्र भनी घोषित गर्न सक्नेछ ।

३. विकास क्षेत्र सम्बन्धमा नेपाल सरकारको अधिकार : दफा २ अन्तर्गत सूचना प्रकाशित भएपछि नेपाल सरकारले देहाय बमोजिम गर्न सक्नेछ :-

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

✹ केही नेपाल कानून (संशोधन र पुन: व्यवस्थापन) ऐन, २०२० द्वारा संशोधित ।

(क) तोकिएको अधिकृतहरुद्वारा सर्भे गर्न निर्देश दिने र यस्ता अधिकृतहरु विकास क्षेत्रको जुनसुकै जग्गा जमिनमा प्रवेश गर्न पाउने ।

(ख) विकास योजना कार्यान्वित गर्न आवश्यक भएको बाटो, घाट, नहरहरु बनाउने र यस्तै अरु कामहरु गर्ने ।

४. जग्गा जमिन प्राप्त गर्ने नेपाल सरकारको अधिकार : (१) दफा २ अन्तर्गत सूचनामा उल्लेख भए अनुसारको कुनै विकास योजना कार्यान्वित गर्नको निमित्त विकास क्षेत्र भित्रको कुनै जग्गा जमिन इत्यादिको आवश्यकता छ भन्ने नेपाल सरकारको विचारमा लागेमा नेपाल सरकारले त्यस्तो जग्गा जमिन प्राप्त गर्न सक्तछ ।

(२) जग्गा प्राप्त गर्ने बारे तत्काल लागू भई रहेको ऐन बमोजिम यस्ता जग्गा जमिन प्राप्त गरिनेछ ।

तर जग्गा प्राप्त गर्नु भन्दा अघि दुई वर्षसम्म पर्ति रहेको जग्गा जमिनका हकमा कुनै क्षतिपूर्ति दिइने छैन र नेपाल सरकारले विकसित क्षेत्रको कुनै विकसित जग्गा जमिन बेच्न चाहेको खण्डमा जुन जुन व्यक्तिबाट नेपाल सरकारले क्षतिपूर्ति बेगर त्यस क्षेत्रमा जग्गा जमिन प्राप्त गरेको थियो, ती ती व्यक्तिले दफा ५ अन्तर्गत बनिने नियमहरुको अधीनमा रही त्यस्तो विकसित जग्गा जमिन किन्न नपाई अरुले किन्न पाउने छैन ।

५. नियमहरु बनाउने नेपाल सरकारको अधिकार : (१) यस ऐनको उद्देश्य पूर्ति गर्नको लागि नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी सो नियमहरुले देहायका कुराहरुमा पनि व्यवस्था गर्न सक्नेछ :-

(क) कुन काइदाले र कुन कार्यप्रणालीले कामहरु कार्यान्वित गरिन्छन्, सो बारे ।

(ख) विकसित जमिन बेच्दा भोगाधिकार कस्तो हुने र किन्ने व्यक्ति तथा निजको सन्तान दरसन्तानले कुन शर्तमा यस्ता जग्गा जमिनहरु भोग गर्छन्, सो बारे ।

६. प्रचलित ऐनसँग बाझिएमा गर्ने बारे : तत्कालिन लागू रहेको कुनै नेपाल कानूनसँग बाझिए तापनि ✍यो ऐन लागू हुनेछ ।

---

✍ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

द्रष्टव्य: केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय